स्नेहलता श्रेष्ठ

# स्नेहशील क्रान्तिकारी



जन्म : वि. सं. १९९१

राणाशासनको कालो युगमा स्वतन्त्रताको झन्डा उठाउनु कम जोखिमपूर्ण काम थिएन । एकातिर आफ्नो शासन सुरक्षित गर्न राणाहरूले चार क्रान्तिकारी युवाहरूको हत्या गरेका थिए भने अर्कोतिर तिनै वीरहरूको रगतबाट राणाशासनका विरुद्ध हजारौँ रक्तवीजहरू तयार हुँदै थिए। राजनीतिप्रति चासो नराख्ने व्यक्तिका नसामा पनि सम्वत् १९९७ सालको काण्डले एकाएक विद्युत् प्रवाह गरेको थियो । नेपाली जनताले त्यसपछि शासकका विरुद्ध सङ्गठित विद्रोहको सुरुवात गरेका थिए। ००७ सालको परिवर्तन एकाएक र आफैँ भएको थिएन । यसका लागि वातावरण बनाउने र समाजलाई आन्दोलित गर्नेमध्ये स्नेहलता श्रेष्ठ पनि हुनुहुन्थ्यो । उहाँले त्यतिबेलाको नेपाली समाजमा आफ्नो ज्यानको बाजी लगाएर सङ्गठित महिला आन्दोलनको सुरुवात गर्नुका साथै प्रजातान्त्रिक आन्दोलनलाई टेवा पुऱ्याउनुभएको थियो ।

राजनीति चेतनाका आधारमा स्नेहलता समकालीन सहयात्रीहरूभन्दा माथि हुनुहुन्थ्यो भन्ने कुरा उहाँका त्यतिबेलाका गतिविधिहरू केलाउँदा सजिलै बुझ्न सकिन्छ । राणाहरूको आदेशबिना पात पनि हल्लिन पाउँदैन भन्ने समयमा उहाँहरू राणाविरोधी प्रदर्शनमा सहभागी बन्नुभएको थियो । पद्मोदय हाइस्कुलकी छात्रा स्नेहलता मुलुकमै पहिलोचोटि निस्किएको राणाविरोधी जुलुसमा सहभागी हुनुभएको थियो । उहाँलाई अहिले पनि सम्झना छ- झन्डै दुई सय सहभागी भएको सो जुलुसमा उहाँसहित चार जना मात्र महिला थिए । "त्यो अवस्थामा हामीलाई आन्दोलनमा लाग्नु कम चुनौती थिएन"- पुराना दिन सम्झँदै स्नेहलता भन्नुहुन्छ- "तर, जुन दुःख बेहोरेर हामी आन्दोलनमा लाग्यौँ, अहिले आएर हेर्दा त्यसमा गर्व लाग्छ ।"

पहिलोचोटिकै आन्दोलनबाट गिरफ्तार गरेर राणाशासनले स्नेहलतालाई झन् खारिने मौका दियो । सुन खारिन आगोमा राख्नुपर्छ भनेझैँ आन्दोलनकारीलाई खार्न पनि जेलमा राख्नुपर्दो रहेछ । स्नेहलताको जीवनमा पनि यस्तै भयो । उहाँले हिरासतभित्रै विभिन्न माग राखी अनसन सुरु गर्नुभयो । राणाहरूले उहाँलाई झुन्ड्याएर मार्नेसम्मको धम्की

दिए, त्रास देखाए। तर, उहाँ जहानियाँ राणाहरूका अगाडि झुक्न तयार हुनुभएन। परिणामस्वरूप राणाहरू नै उहाँका अगाडि धेरै टिक्न सकेनन् र सात दिनमै उहाँ हिरासतमुक्त हुनुभयो। त्यसपछि त के चाहियो र! राणाविरोधी आन्दोलनकारीका लागि उहाँ प्रेरणाको पात्र बन्नुभयो। तर, पक्राउ परेका कारण गुरुवाचार्य परिवारले आफूहरूलाई सामाजिक बहिष्कार गरेको नमिठो अनुभव पनि उहाँले सङ्गाल्नुभएको छ। स्नेहलताले अद्वितीय साहस प्रदर्शन गरेपछि सामाजिक जडता र रूढीग्रस्त समाजमा 'महिलाले त त्यति गरे भने' भन्ने भावना उत्पन्न भयो। त्यसले एकातिर राणाशासनविरोधी आन्दोलनमा गति प्रदान गऱ्यो भने अर्कोतिर स्नेहलता स्वयम्लाई पनि निकै महत्त्वपूर्ण काम गरेको अनुभूति दिलायो। त्यही प्रेरणा र ऊर्जाले स्नेहलता राणाविरोधी आन्दोलनमा समर्पित रूपले क्रियाशील भइरहनुभयो।

नेपालमा सङ्गठित महिला आन्दोलनमा स्नेहलताको योगदान निकै महत्त्वपूर्ण रहेको छ। त्यसअघि नै उहाँले ००३ सालमा प्रदीप्त पुस्तकालयको स्थापनामा सामेल भएर आफ्नो सार्वजनिक जीवन आरम्भ गरिसक्नुभएको थियो। नेपाल महिला सङ्घको निर्माणमा उहाँ अहोरात्र खट्नुभएको थियो। मङ्गलादेवी सिंह र स्नेहलताकै अग्रसरतामा सो सङ्घ स्थापना भएको थियो। राणाहरूका आँखा छलेर वनभोजको निहुँ पारेर महिलाहरूलाई एक ठाउँमा जम्मा गर्ने र उनीहरूमा सङ्गठित हुनुपर्छ भन्ने भावना जगाउने काममा अगुवा स्नेहलताहरू नै हुनुहुन्थ्यो। ००४ सालमा नेपाल महिला सङ्घको स्थापना हुँदा स्नेहलता त्यसको महासचिव चुनिनुभयो। ०१० सालसम्म उहाँले अनवरत त्यो दायित्व निर्वाह गर्नुभयो। पछि कार्यकारी पदमा नबसे पनि उहाँले महिला आन्दोलनलाई अनेक हिसाबले सहयोग गरिरहनुभयो। आन्दोलनमा लाग्ने नयाँ महिलाहरूलाई उहाँले सङ्घर्षपूर्ण इतिहासका गाथाहरूद्वारा आलोकित पारिरहनुभयो।

००८ सालमा भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको नेपाल भ्रमणले मुलुकको महिला आन्दोलनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

नेपाल महिला सङ्घमा दिल्ली सम्झौताका कारण जनताको सार्वभौमसत्ता पूर्णरूपमा स्थापित हुन नसकेको मत राख्नेहरूको बाहुल्य भयो। कामाक्षादेवी, स्नेहलताजस्ता संस्थापक अगुवाहरूले त्यो विचारको नेतृत्व गर्नुभएको थियो, जसका कारण नेहरूलाई कालो झन्डा देखाउने निर्णय बहुमतले पारित भयो। तर, अध्यक्ष मङ्गलादेवी सिंह स्वयम् त्यसको विपक्षमा उभिनुभयो र नेहरूलाई स्वागत गर्न पुग्नुभयो। त्यसपछि उहाँहरूले सिंहलाई निष्कासन गरी नेपाल महिला सङ्गठनको रूपमा आन्दोलनलाई पुनर्गठन गर्नुभयो। नेपाली महिला आन्दोलनमा आएको त्यो एउटा वैचारिक ध्रुवीकरण थियो। नेहरूलाई कालो झन्डा देखाउँदा स्नेहलता फेरि पक्राउ पर्नुभयो। स्वागतमा जाने र गिरफ्तारीमा पर्नेबीच ध्रुवीकरण हुनु अस्वाभाविक थिएन।

राजनीतिक रूपमा स्नेहलता कम्युनिस्ट विचारधारासँग सामिप्यता राख्नुहुन्छ। सुरुमा नेपाल कम्युनिस्ट पार्टी नै स्थापना नभएका कारण उहाँ राष्ट्रिय काङ्ग्रेसको सदस्य हुनुहुन्थ्यो। स्नेहलता कम्युनिस्ट बन्दाको पनि रोचक घटना छ। राष्ट्रका लागि चिन्तित भएर सधैँ राष्ट्रवादी सोच राख्ने स्नेहलताका मनमा जुन दिन कम्युनिस्टहरू राष्ट्रवादी हुँदारहेछन् भन्ने छाप पर्‍यो, त्यही दिनदेखि उहाँ कम्युनिस्ट बन्नुभयो। ००७ सालको परिवर्तनपछि राणाहरूले राष्ट्रिय सम्पत्ति बाहिर ओसार्न लागेको कुरा स्नेहलतालाई चित्त बुझेको थिएन। त्यो कुरा उहाँले आफ्नो मनमा मात्र राख्न सक्नुभएन र एक दिन तत्कालीन गृहमन्त्री बीपी कोइरालाको निवासमा पुग्नुभयो। आन्दोलनकारी पक्षका नेता बीपीसँग उहाँले भन्नुभयो- “राणाहरूले सम्पत्ति विदेश लाँदैछन्। यसलाई रोकी राष्ट्रियकरण गर्नुपर्छ। त्यो सम्पत्ति उद्योगधन्दामा लगाउनुपर्छ।” तर, त्यतिबेलासम्म बीपीमा सत्ताको मात लाग्न थालिसकेको थियो। समस्यालाई गम्भीरतापूर्वक लिएर समाधान गर्नुको साटो उनले भने- “तिमी पनि कम्युनिस्ट भयौ कि क्या हो स्नेहलता ?”

हो, त्यतिबेलासम्म कम्युनिस्ट नबनेकी स्नेहलता त्यसपछि साँच्चै कम्युनिस्ट बन्नुभयो। यही प्रत्युत्तरले स्नेहलताको यात्राको बाटो

बदलिदियो। उहाँको क्रान्तिकारी युवा मनमा कम्युनिस्टहरू नै राष्ट्रवादी हुँदा रहेछन् भन्ने छाप पर्‍यो। त्यसपछि उहाँले कम्युनिस्ट पार्टीको सम्पर्क खोज्न थाल्नुभयो र कम्युनिस्ट बन्नुभयो। त्यसयता स्नेहलता निरन्तर कम्युनिस्ट हुनुहुन्छ।

स्नेहलताले नेपालमा महिला आन्दोलनको जग बसालेबापत कुनै ब्याज खोज्नुभएको छैन। आफ्नो लगानीको पाइपाई हिसाब-किताब खोज्ने वर्तमान युगमा त्यस्तो खिचातानीबाट स्नेहलता टाढा हुनुहुन्छ। "व्यक्तिगत रूपमा केही पाउँला भनेर म आन्दोलनमा लागेकी होइन"- दृढतापूर्वक उहाँ भन्नुहुन्छ- "महिला अधिकार स्थापना गरेर नेपाली दिदीबहिनीहरूलाई समानता दिलाउन सकिन्छ कि भन्ने हाम्रो उद्देश्य थियो। यदि त्यस अभियानमा केही सहयोग पुग्न सक्यो भने त्यही नै मेरा लागि खुसीको कुरा हो।"

आहा, कति उच्च विचार! कति फराकिलो दृष्टिकोण!

सम्वत् १९९१ मा जन्मिनुभएकी स्नेहलता अहिले पनि महिला आन्दोलनका प्रसङ्गहरूका बारेमा सकेसम्म जानकारी लिनुहुन्छ। बुढ्यौलीले छोप्दै जाँदा पनि उहाँको भावना उस्तै छ। आफ्ना सन्तान नभए पनि प्रजातान्त्रिक आन्दोलनमा लाग्दा बनाएका योद्धाहरूलाई नै उहाँले सन्तान सम्झिनुभएको छ। उहाँको न कसैप्रति केही गुनासो छ, न त आशा नै। स्नेहलताको एउटै कामना छ- मुलुकमा प्रजातन्त्र सुचारु भइदिए हुन्थ्यो।

◆